गौमुल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
घट्मुना, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
☎ ९८४८४९२७२७

पत्र संख्याः २०८२।०८३
चलानी नं. ९२४३

मितिः २०८३।०३।१०

## सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धि सार्वजनिक सूचना।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०८२।०८३ मिति २०८३।०१।१७ गतेको च.नं. ४१२ सरकारी सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा भएको परिपत्र, जिल्ला प्रशासन कार्यालय बाजुराको मिति २०८३।०१।२२ गतेको प्रत्रानुसार र गौमुल गाउँपालिकाको मिति २०८३।०३।०९ गतेको ५० औ कार्यपालिकाको बैठकले गरेको निर्णय अनुसार यस गौमुल गाउँपालिका क्षेत्र भित्र नेपाल सरकार तथा गाउँपालिकाको स्वामित्वमा रहेको (सार्वजनिक, सरकारी, ऐलानी जग्गा, सडक, खोलानाला, गौचर, विद्यालय, सार्वजनिक पोखरी, मठ, मन्दिर, बजार क्षेत्र, ईनार पार्क तथा खुल्ला) क्षेत्रभित्र कसैले अवैध रुपमा सार्वजनिक सरकारी जग्गा अतिक्रमण गरी कुनै पनि किसिमको संरचना (टहरा, घर, गोठ, घेरबार) निर्माण गरेको वा प्रयोग गरिरहेको भए स्वेच्छाले अतिक्रमण गरेको जग्गा १५ दिन भित्र हटाई सहयोग गरिदिन हुन सम्बन्धित सबै सरोकारवालाई सूचित गरिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-१३ तथा दफा ९७ बमोजिम स्थानीय तह क्षेत्रभित्रको सम्पत्तिको संरक्षण गर्ने कानुनी दायित्व उक्त स्थानीय तहको रहेको हुँदा गौमुल गाउँपालिका क्षेत्रभित्रका आम नागरिक, सरोकारवाला तथा सर्वसाधारण सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

३।१०

जगदिश प्रसाद भट्ट
बरिष्ठ प्रशासकीय अधिकृत

जगदिश प्रसाद भट्ट
बरिष्ठ प्रशासकीय अधिकृत

वोधार्थः
श्री जिल्ला प्रशासन कार्यालय, मार्तडी बाजुराः जानकारीका लागि।
श्री वडा कार्यालय सबै गौमुल गाउँपालिका बाजुराः सूचना टाँस गरिदिन हुन।
श्री सूचना प्रविधि शाखाः Website मा अपलोड गर्न हुन।